# नगर सन्देश

नगर सन्देश वा:पौ (साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक १३ ● ने.सं. ११४० सिल्लागा पारू ● वि.सं. २०७६ माघ २७ गते, सोमबार ● 2020 February 10 Monday ● पृष्ठ ८


# बाटोको अधिकार नगरपालिकाले सुरक्षित गर्छ : मेयर महर्जन



कीर्तिपुर नगरपालिका वडा नं. ९ धुंगचाः (नगर मण्डप श्रीकीर्ति विहार पछाडिको) बाटोको कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले माघ २२ गते बुधवार उद्घाटन गर्नुभएको छ। चालु आ.व.को रु.५० लाख बजेटमा निर्मित उक्त बाटो अमल्सि (नयाँबजार) बाट भाजंगल हुँदै पाँगा जाने वैकल्पिक बाटो हो। ६ मिटर चौडाइको उक्त बाटो करीब ३०० मिटर को रहेको बताइएको छ। अमल्सि (नयाँबजार) को बाटोको चापलाई कम गर्ने यस बाटोमा पीच गर्न भने बाँकी नै रहेको छ।

धुंगःचा बाटोको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि मेयर महर्जनले स्थानीय र जनप्रतिनिधिहरू मिलेर काम गर्‍यौं भने तोकिएको समयभन्दा अगावै पनि सम्पन्न गर्न सकिने बताउनुभयो। यस धुंगःचा बाटो सयमभन्दा अगाबै सम्पन्न भएको उदाहरण प्रस्तुत गर्नुहुँदै मेयर महर्जनले अहिले बाटो विस्तार गर्ने सन्दर्भमा कीर्तिपुरमा पनि जबरजस्ती रुपमा उठीबास लगाउने गरी कार्यहरू भैरहेको छ भन्ने खालको भ्रम पैदा गरिएको बताउनुभयो। मेयर महर्जनले राजनीति २ किसिमले गरिन्छ, एउटा कन्फ्यूजन बनाएर अर्को कन्भिन्स गरेर भन्नुहुँदै हाल कीर्तिपुरमा नियोजित ढङ्गले कन्फ्यूनज सृजना गरिरहेको बताउनु भयो। अधिकार पनि समय सापेक्ष हुने कुरा बताउनुहुँदै मेयर महर्जनले पञ्चायतकालमा र हाल आएर अधिकारमा पनि निकै परिवर्तन भइसकेको बताउनुभयो। मानवअधिकार जस्तै पशुंपंक्षिहरूको, जनावरहरूको मात्र नभई निर्जिव भए पनि बाटोको पनि अधिकार (राइट अफ वे) सुनिश्चित गर्नुपर्ने संविधानमा समेत उल्लेख भएको बताउनुभयो।

नगरपालिकाभित्र घरहरू निर्माण गर्दा निश्चित सडक मापदण्ड अनुसार निर्माण गर्नु पर्ने हुन्छ र निर्माण सम्पन्न लिइसकेपछि ती छोडेको जग्गामा विभिन्न संरचनाहरू बनाइरहने गलत प्रवृत्तिलाई निरुत्साहित गर्न पनि त्यस्ता ठाउँहरूमा नगरपालिकाले बाटो विस्तार गर्ने गरेको बताउनुहुँदै मेयर महर्जनले संविधानले प्रदान गरेको बाटोको अधिकारलाई प्रयोग गरेको बताउनु भयो। मानिसहरू र जीवजन्तुहरूले आफ्नो अधिकार हनन् भए केहि गर्न सक्छ तर बाटोले फोहर थुपार्दा होस, ढल बग्दा होस् या निर्माण सामाग्रीहरु यत्रतत्र छेरर राख्दा होस् बाटोले

*बाँकि पृष्ठ ३*

# कीर्तिपुर नगरपालिकाको पहिलो सार्वजनिक सुनुवाई

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ ले गरेको व्यवस्था अनुसार कीर्तिपुर नगरपालिकाले पहिलो पटक सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ। माघ २३ गते बिहीबार कीर्तिपुरको अमल्सि (नयाँबजार) स्थित कृष्ण क्याटरिङ्गमा भएको कार्यक्रमको उद्देश्य भनेको नगरपालिकामा जिम्मेवार जनप्रतिनिधिहरू (सेवा प्रदायक) र स्थानीयबासिन्दा (सेवाग्राही) बीचको सम्बन्ध कस्तो छ भन्ने बुझ्न यो कार्यक्रमको आयोजना गरिएको हो।

कीर्तिपुर नगरपालकाले गरिरहेको विकास निर्माणका कामहरूदेखि सामाजिक कामहरू र अन्यकामहरू कतिको पारदर्शिढङ्गबाट गरिरहेको छ भन्नेबारे थाहा दिन र थाहा पाउन यो कार्यक्रम गरेको हो। यद्दपि कीर्तिपुर नगरपालिकाले प्रत्येक महिनामा नगरपालिकाको काम कारवाहीहरूलाई पारदर्शिढङ्गले गरिरहेको कुरा नगरबासीहरूलाई थाहादिन पत्रकार सम्मेलन गरी जानकारी गराइरहेको नै छ।

यस सार्वजनिक सुनुवाई कार्यक्रमबारे बिस्तृत समाचार आगामि नगर सन्देश (अंक १४)मा प्रकाशित गर्नेछौ।

*(कार्यक्रमका केही तस्बिरहरु पृष्ठ ६ मा हेर्नुहोला।)*

## सम्पादकीय

### कीर्तिपुर नगरपालिकाको काममा कीर्तिपुरबासीको बढ्दो चासो

पछिल्लो समयमा कीर्तिपुर नगरपालिकाले गर्दै आइरहेका काम कारबाही र दैनिक प्रशासनिक काम प्रति जनताको चासो र चिन्ता बढेको देखिएको छ। हालै कीर्तिपुर नगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई स्थलमा भएको उपस्थितिले यसको पुष्टि गर्दछ। २०७६ माघ २३ का दिन कीर्तिपुर नयाँबजार स्थित कृष्ण क्याटरिङ्गको हलमा सर्वसाधारण सरोकारवालाको उपस्थिति र उहाँहरूको नगरपालिकाले गरेको काम र गर्ने आगामी योजनामा तथा नगरपालिकाको दैनिक प्रशाासनिक काम सम्बन्धमा व्यक्त भएको गुनासो र चासो हेर्दा यसो भन्न सकिने अवस्था सृजना भएको छ।

कीर्तिपुरका विभिन्न क्षेत्रका अगुवाहरू, सामाजिक अभियन्ताहरू लगायत ठूलो संख्यामा उपस्थित रहेका सर्वसाधारणले कीर्तिपुर नगरपालिकाले गरिरहेका र आगामी दिनमा गर्नुपर्ने काम कारबाही सम्बन्धमा कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्का, प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्य लगायत लेखा, राजस्व, नक्सा, विकास निर्माण सम्बन्धी जिज्ञासा राख्नु भएको थियो भने तिनको सिलसिलेवार र तर्कपूर्ण जवाफ नगरप्रमुख लगायत सम्बन्धित व्यक्तिहरूले दिनु भएको थियो।

खासगरी सो सार्वजनिक सुनुवाईमा बाटो निर्माण तथा विस्तार गर्दा सो बाटोमा जग्गा पर्ने जग्गा धनीले मुआब्जा पाउनु पर्ने माग चर्को रुपमा उठाएका थिए। त्यसो भएता पनि कीर्तिपुर नगरपालिकाले हाल नयाँ रेखाङ्कन गरेर बाटो बनाउने काम नगरेको र भएकै बाटोघाटोमा पूर्वनिर्धारित मापदण्डअनुसार मात्र विस्तार र स्तरोन्नति गरिरहेकोले मुआब्जाको प्रश्न आउन नहुने कुरा नगरपालिकाका तर्फबाट नगर प्रमुखले बताउनु भएको थियो साथै व्यक्तिको जस्तै बाटोको पनि आफ्नो अधिकार हुने, बोलिचालीमा त्यसलाई "राइट अफ वे" भनिने र त्यस प्रकार बाटोको राइट अफ वेको रक्षा गर्ने काम नगरपालिकाले गर्ने पनि उहाँले बताउनु भएको सो सार्वजनिक सुनुवाई निकै प्रभावकारी देखिएको थियो। सार्वजनिक सुनुवाई कुनै पनि संस्थाको सुशासन, पारदर्शिता र जतनाप्रति जवाफदेहिता कायम गर्ने एउटा सशक्त औजार हो यसको समुचित प्रयोग हामी सबैले गरौं। कीर्तिपुर नगरपालिकाले गर्ने नियमित सार्वजनिक सुनुवाईमा सहभागी भई सबैले जिम्मेवार रुपमा प्रस्तुत होऔं। नगरपालिकाले मात्र नभई यस्तो सार्वजनिक सुनुवाई सबै वडा कार्यालयहरुले पनि आफ्नो नियममित क्यालेण्डरमा राख्नु सान्दर्भिक हुनेछ। जुन कार्यले वडाहरुमा पनि सुशासन, पारदर्शिता र जतनाप्रति जवाफदेहिता कायम गर्न सहयोग पुग्नेछ। वडा नेतृत्वले यसमा बेलैमा ध्यान पुऱ्याउनु जरुरी छ।

# समृद्धिको यात्रामा कीर्तिपुरका चुनौति र सम्भावनाहरू : ६

**रत्न महर्जन**

१२. राष्ट्रिय राजमार्गले नछुनु तथा राष्ट्रिय राजमार्गसँग पहुँच (Link Road) मार्ग विस्तार हुन नसक्नु :

नेपालका पछि विकास भएका कतिपय नयाँ सहरहरूको तुलनामा कीर्तिपुर विकास र समृद्धिमा पछि पर्नुको एउटा प्रमुख कारण यो सहरलाई कुनै पनि राष्ट्रिय राजमार्गले नछुनु र त्यस्ता राजमार्गसँग जोडिने व्यवस्थित पहुँच मार्ग नहुनु पनि हो। अब कुनै राष्ट्रिय राजमार्ग निकट भविष्यमा कीर्तिपुर हुँदै जाने सम्भावना देखिँदैन यद्यपि तराई काठमाडौं द्रुतमार्ग, त्रिभुवन राजमार्ग तथा पृथ्वी राजमार्गसँग सहज पहुँच पुऱ्याउन व्यवस्थित पहुँच मार्ग बनाएर यहाँको आर्थिक गतिविधि र आर्थिक जीवन चलायमान बनाउन सके यहाँको समृद्धिमा निकै धेरै सहयोग पुग्ने थियो। धेरै ठूला परियोजना सञ्चालन गर्न नसकिए तापनि कीर्तिपुरको चोभारमा बन्दै गरेको सुख्खा बन्दरगाहबाट चन्द्रागिरि नगरपालिकाको नागढुङ्गा जोड्ने करिब ८ किलोमिटर व्यवस्थित सडक चन्द्रागिरि पर्वत श्रृङ्खलाको उत्तरी फेदीबाट बनाउन सकिए त्यहाँ नयाँ सहर बनी यहाँको अर्थतन्त्र गतिशील र चलायमान हुन्थ्यो। जसले समग्र कीर्तिपुरकै समृद्धि र स्वरुप परिवर्तन गर्दथ्यो।

१३. कीर्तिपुरे नेताहरूमा दीर्घकालीन सोच र एकअर्काबीचमा समन्वयको संस्कृतिको अभाव हुनु :

आधुनिक नेपालको प्रत्येक राजनैतिक परिवर्तनमा कीर्तिपुरको नाम अग्रपंक्तिमा आउँछ। पछिल्ला परिवर्तनहरूमा त कीर्तिपुरको प्रेरणादायी भूमिका नै रहेको छ। ती परिवर्तनहरूमा कीर्तिपुरमा क्रियाशील राजनैतिक दलका नेताहरूको भूमिका प्रशंसनीय देखिन्छ तर ती नेताहरूमा कीर्तिपुरको समग्र विकास निर्माण र समृद्धि सम्बन्धी दीर्घकालीन सोच र योजनाको भने सर्वथा अभाव देखिन्छ। कीर्तिपुरका नेताहरूमा सहकार्य र समन्वयको अभावले पनि कीर्तिपुरको समग्र विकास निर्माण र समृद्धिमा बाधा पुऱ्याएको देखिन्छ। त्यसैले कीर्तिपुरको द्रुत विकास र समृद्धिका लागि र कीर्तिपुरमा क्रियाशील नेताहरूले दीर्घकालीन सोचका साथ सहकार्य गर्नु र चुनावी नाफा घाटा मात्र नहेरी समन्वयात्मक रुपमा काम गर्नु अनिवार्य छ अन्यथा अझै लामो समय कीर्तिपुर र कीर्तिपुरे जनताको विकासको अपेक्षा आकाशको फल आँखातानी मर भइरहनेछ। यदि यहाँका राजनैतिक दलका नेताहरूले समन्वयात्मक रूपमा काम गर्ने हो भने यहाँको विकास निर्माण र जनसमृद्धि धेरै टाढा हुने छैन किनभने यहाँका नेताहरूको सम्बन्धित दलका शीर्ष नेतृत्वसहित प्रशासनिक संयन्त्रका उच्च पदस्थ व्यक्तित्वसँग घनिष्ट सम्बन्ध देखिन्छ। त्यस प्रकारको सम्बन्धलाई व्यक्तिगत स्वार्थ र गुटगत लाभहानीभन्दा माथि उठेर कार्य गर्नु चाहिँ जरुरी छ। नेतागणलाई यस तर्फ ध्यान पुऱ्याउन आग्रह गर्दछु।

१४. आफूलाई टाठाबाठा र जान्ने बुझ्ने भन्नेहरूको पलायन :

इतिहासदेखि वर्तमानका सम्म कीर्तिपुरमा विभिन्न क्षमता र योग्यता भएका व्यक्तिहरू कीर्तिपुरबाट पलायन भए। यदि त्यस्ता व्यक्तिहरू कीर्तिपुरमै बसेर आफूमा रहेको ज्ञान, सीप र क्षमता व्यक्तिगत उन्नयनबाहेक कीर्तिपुरको समग्र विकास निर्माण र कीर्तिपुरबासीको समृद्धिमा उपयोग हुन सकेको भए सम्भवतः कीर्तिपुरको आजको परिचय र स्वरुप पृथक देखिन्थ्यो कि ? त्यसैले हिजो जे भए पनि कीर्तिपुरका त्यस्ता व्यक्तिलाई कीर्तिपुरको विकास निर्माण र समृद्धिमा उपयोग गर्न सकिएमा कीर्तिपुरलाई बनाउन धेरै कुर्नु पर्ने छैन। यसको लागि कीर्तिपुर छाडिसकेकालाई फिर्ता ल्याउन नसकिए तापनि भएकालाई कीर्तिपुरमै रहने वातावरण बनाउनु कीर्तिपुरको अबको प्रथम दायित्व हो।

१५. आदिवासी (मूलबासी) र राष्ट्रिय आप्रवासी बीच अव्यक्त प्रतिस्पर्धा, अविश्वास र समन्वयको अभाव हुनु :

कीर्तिपुरमा दुई प्रकारका कीर्तिपुरे बस्छन्। यस्तो अभूतपूर्व अवसर नेपालका थोरै मात्र स्थानले प्राप्त गरेको छ। एकाथरी कीर्तिपुरे मूल घर कीर्तिपुरै भएका र अर्को मूल घर कीर्तिपुर बाहिर भएका, यहाँ यी दुई प्रकारका कीर्तिपुरेबीच जानेर वा नजानेर अव्यक्त प्रतिस्पर्धा देखिन्छ।

यहाँ आदिबासी भनी तिनै पुख्यौंली थलो कीर्तिपुर भएकालाई र आप्रवासी भनी पुख्यौंली थलो अन्यत्र भएकालाई भन्न खोजिएको हो। समृद्धि प्राप्तिको अभियान र समग्र कीर्तिपुरको विकास निर्माणमा यिनको बीचमा अविश्वास र समन्वयको अभाव देखिन्छ। आजको युगमा यी दुईले एकले अर्कोलाई निषेध गरेर समाज अगाडि बढाउन सक्ने अवस्था किमार्थ छैन। यहाँ बसाइ सराइ गरेर आएकालाई यो ठाउँ नबने वा बिग्रिए आफ्नो थातथलो फर्कने सजिलो विकल्प त होला तर त्यो त्यति प्रिय हुने छैन। त्यस्तै यही भूमिलाई पुख्यौंली थलो भनी बस्नेलाई यो भूमि छाडेर अर्को भूगोल र संस्कृति रोज्न त्यति सजिलो छैन। त्यसैले हामी सबै कीर्तिपुरे मिलेर कीर्तिपुरलाई समृद्ध बनाउने र समृद्ध कीर्तिपुरे बन्ने अभियानमा लाग्नुको दोस्रो विकल्प हामीसँग छैन। त्यसैले सबैलाई एकले अर्कोलाई पछि पार्ने चाहना र अविश्वास त्यागेर आफूसँग भएको ज्ञान, सीप, क्षमता, पहुँच र स्रोतको प्रयोग गरी कीर्तिपुरको विकास निर्माण र कीर्तिपुरेको समृद्धिमा लाग्न आग्रह गर्दछु।

> **मेरो धारणा**
>
> यही भूमिलाई पुख्यौंली थलो भनी बस्नेलाई यो भूमि छाडेर अर्को भूगोल र संस्कृति रोज्न त्यति सजिलो छैन। त्यसैले हामी सबै कीर्तिपुरे मिलेर कीर्तिपुरलाई समृद्ध बनाउने र समृद्ध कीर्तिपुरे बन्ने अभियानमा लाग्नुको दोस्रो विकल्प हामीसँग छैन।

कीर्तिपुर नगरपालिकाले यसमा ध्यान पुऱ्याएर समन्वय गरे सुनमा सुगन्ध हुने थियो किनभने अरु कसैले गरे त्यो व्यक्ति वा समूह हुन्छ तर नगरपालिकाले गरे त्यो सरकारले गरेको ठहरिन्छ। यदि नगरपालिकाले व्यवस्थित रुपमा समन्वय गर्ने हो भने विभिन्न निकायबाट थुप्रै योजना परियोजना र बजेट कीर्तिपुरमा ल्याउन सकिने सम्भावना **अद्यापि** छ तर त्यस्तो पहुँच भएका व्यक्तिहरू नेतृत्वले वास्तै गर्दैन भनी **गजक्क** फुलेर बसेको छ र तिनले आफ्नो पहुँचले प्राप्त हुन सक्ने रोजगारीको अवसर, विकास निर्माणका स्रोत, योजना र बजेट आफ्नो पुख्यौंली थलोमा पुऱ्याइरहेका छन्। त्यसको स-सानो अंशमात्र पनि यहाँ परिचालन गर्न सकिए कीर्तिपुरको विकास र समृद्धिको लागि ठूलो उपलब्धी हुन सक्थ्यो। यसको लागि पनि कीर्तिपुरको नेतृत्वले सबैलाई आह्वान गरी सबैसँग समन्वय गरेर अगाडि बढ्न अब ढीलो गर्न हुँदैन। यही उद्देश्य पूरा गर्न यहाँ बासोबास गर्ने सबै राष्ट्रिय व्यक्तित्वको एउटा भेला वा उहाँहरूसँग यथाशीघ्र छिटो भेटघाट गर्नु जरुरी छ। यस्तो भेटघाटले कीर्तिपुरको समग्र विकासमा अपेक्षित तिब्रता आउन सक्नेछ।

***समाप्त***

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# चोभार संरक्षणका लागि १ करोड उपलब्ध गराउने

कीर्तिपुर नगरपालिकाको पर्य सम्पदा स्थल चोभारलाई ऐतिहासिक, पुरातात्त्वि र प्राकृतिक रुपमै महत्त्वका साथ संरक्षण गर्न योजना र त्यसको प्रस्तुतिका साथै प्रतिक्रिया सङ्कलन गर्ने कार्यक्रम सम्पन्न भएको छ। माघ १८ गते शनिबार कीर्तिपुर नगरपालिका वडा नं. ६ चोभारको आदिनाथ मन्दिरमा लुमन्ति आवास, यूएनहाविटेट आदि संस्थाहरूको सहयोगमा उक्त कार्यक्रम भएको हो।



कीर्तिपुर नगरपालिका वडा नं. ६ का सदस्य सुनिल डंगोलको सभापतिमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले चोभारको विषयमा तयार गरेको योजना धेरै नै गहकिलो र राम्रो भएको बताउनुभयो। यी योजनाहरूको अनुमानित खर्च पनि उपलब्ध गर्न अनुरोध गर्नुहुँदै मेयर महर्जनले आगामी बजेटमा चोभारको लागि रु.१ करोड विनियोजन गर्ने घोषणा गर्नुभयो। चोभारलाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नुपर्ने उल्लेख गर्नुहुँदै मेयर महर्जनले काठमाडौंको श्रृजनासँग जोडिएको चोभारबाट राम्रो मौसममा विश्वको सर्वोच्च शिखर सगरमाथा समेत देख्न सकिने कुराको प्रचार प्रसार गर्नुपर्नेमा जोडदिनुभयो। नेपाल भ्रमण वर्षकै उपलक्ष्यमा कीर्तिपुर नगरपालिकाले घोषणा गरेको कीर्तिपुर महोत्वस २०७७ बैशाख १६ गते देखि २० गते सम्म हुन गइरहेको छ त्यसमा एकदिन पर्यटकहरुलाई यी कुराहरुको जानकारी गराउँदै चोभार घुमाउने वातारवण तयार गर्ने कुरा बताउनुभयो। हाम्रा पूर्खाहरुले बनाएको बस्ति अहिले भनिएको स्मार्टसिटीभन्दा कुनै हिसावले कम नभएको उल्लेख गर्नुहुँदै मेयर महर्जनले हामीले अहिले पुरानोलाई छोड्न पनि सकिरहेका छैनौं र नयाँलाइ अंगिकार गर्न पनि नसकिरहेको बताउनुभयो।

कार्यक्रममा विशेष अतिथि कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले नेपालको पहिचान भनेकै सम्पदा भएको र चोभारमै मूर्त र अमूर्त धेरै सम्पदाहरु भएकोले चोभार निकै नै महत्त्व बोकेको स्थान भएको बताउनुभयो। विकासका साझेदार संस्थाहरूसँग मिलेर सहकार्य गरिरहेको बताउनुहुँदै उपमेयर खड्काले सम्पदा संरक्षणको योजना बनिरहेको चोभारमा ढुङ्गाबाट बनेको घर जस्ता संरचनाको छुट्टै विशेषता हुने गरेको बताउनुभयो। दिगो विकासको लक्ष्य सन् २०३० मा पूरा गर्ने नेपाल सरकारको उद्देश्य पूरा गर्न पनि कीर्तिपुरको चोभारको योजनाले थप मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

यूएनहाविटेटका सिनियर प्रोजेक्ट अफिसर प्रविण वज्राचार्यले कीर्तिपुर, गोदावरी लगायत १० वटा सम्पदा बस्तिहरूमा गुरुयोजना तयार गर्ने कामहरु गरिरहेका बताउनुभयो। लुमन्ति आवास संस्थाका वरिष्ठ कार्यक्रम व्यवस्थापक महेन्द्र शाक्यले चोभार डाँडालाई पर्यटकीय स्थल बनाउन गरिरहेको योजनाको बारेमा बताउनुहुँदै योजना योजनामै मात्र सिमित नगरी त्यसअनुसार कार्यान्वय गर्न अनुरोध गर्नुभयो। आनन्दादी लोकेश्वर कच्छपाल सुवर्णगिरि महाविहारका अध्यक्ष इन्द्रबहादुर शाक्यले स्वागत गर्नुभएको कार्यक्रममा चोभारमा सिंढी निर्माण गर्ने कामका उपभोक्ता समितिका अध्यक्ष रामकृष्ण डंगोलले आफ्नो मन्तव्य राख्नुभएको थियो भने कार्यक्रम सरोज शाक्यले सञ्चालक गर्नुभएको थियो।

## बाटोको अधिकार ...

बोल्न नसक्ने भएकोले त्यसको पनि रक्षा गर्ने नगरपालिकाको दायित्व भएको मेयर महर्जनले बताउनु भयो।



बाटो विस्तारकै क्रममा यदि कसैको उठिबास हुन्छ भने त्यस्तो ठाउँमा केही पनि नगर्ने, कसैको घर को एक ईन्च पनि नलिएकोले कसैलाई मुआब्जा दिन नपर्ने मेयर महर्जनको भनाइ छ। कसैले आफ्नो अगाडिको जग्गा ऊ आफैले प्रयोग गर्न पाइदैन अरुले नै प्रयोग गर्छ जस्तै उस्को जग्गा लिएर कसैले स्कुल बनाउछ, अस्पताल बनाउछ भने त्यस्तो अवस्थामा मात्र मुआब्जा दिनुपर्ने मेयर महर्जनले बताउनुभयो।

कार्यक्रममा विशेष अतिथि उपमेयर खड्काले कुनै पनि बाटो या अन्य कामको प्रमुख जिम्मेवारी उपभोक्ता समितिले नै लिनु पर्ने बताउनुभयो। योजनको परिमाण त नाप्न सकिएला तर गुणस्तर नगरपालिकाले हेरेर मात्र थाहा नहुने भएकोले प्रत्यक्ष सरोकार राख्ने उपभोक्ता समिति नै चनाखो भई गुणस्तरीय काम गर्नु गराउनु पर्नेमा जोड दिनु भयो।

कीर्तिपुर नगरपालिका वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा अध्यक्षहरू, वडा सदस्यहरूको पनि उपस्थिति रहेको थियो। किपू धुंगःचा उपभोक्ता समितिका अध्यक्ष रत्न बहादुर महर्जनले आफ्नो जिम्मेवारीमा काम सम्पन्न गर्न पाएकोमा खुशी व्यक्त गर्दै उक्त बाटोमा अब पीच पनि गर्न बजेट उपलब्ध गराइदिनुहुन अनुरोध गर्नुभयो। कार्यक्रम ९ नं. वडाका सदस्य प्रेमकृष्ण श्रेष्ठले सञ्चालन गर्नुभएको थियो।

# कीनपां न्हापांखुशी सिमसार दिवस हन

विश्व सिमसार दिवसया भ्न्वलय् माघ १९ गते आइतवाः किपू नगरपालिकाया ग्वसालय् भ्गंः त स्वयेगुलिसें अन्तरक्रिया ज्याभ्न्वःयाःगु दु । किपू नगर पालिका वडा नं. ६ या टौदहय् लिक्क च्वंगु टौदह ब्याङ्क्वेटय् जूगु अन्तरक्रियाय किपू नगरपालिकाया मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का, वडा नं. २ या अध्यक्ष लिसें पर्यटन समितिया कजि रमेशमान डंगोल, वडा नं. ६ या अध्यक्ष न्हुच्छेबहादुर महर्जनलगायत वडा दुजःपिं, थीथी भ्गंः विशेषज्ञपिं, वातारणविद्पिं व थीथी स्कूलया विद्यार्थीपिनि ब्वति दुगु खः ।

बर्ड कन्जरभेटिभ नेपालया ग्वहालि जूगु थुगु ज्याभ्न्वलय् टौदहय् थौंकन्हय् साइबेरियां वयाच्वंपिं थीथी भ्गंःतय्बारे टौदह छ्चाकलिं चाःहिलाः ध्वाथुइकादीगु खः । थौंकन्हय् टौदहय् साइबेरिया लगायतं थीथी प्रजातिया आपाःहे भ्गंःत वयाच्वंगु दु ।

अन्तरक्रिया ज्याभ्न्वलय् न्ववानादिसें स्थानीय ६ नं. वडाया अध्यक्ष महर्जनं भ्गंःत स्वयेगु व इमित ल्यंकाः तयेगु नामय् टौदहया नां तयाः थीथी एनजिओतय्सं धेबा म्हयाच्वंगु तर व धेवाः स्थानीय टौदहयात छुं नं लबःमब्यूगु खँय् च्यूताः प्वंकादिसें थजाःगु ज्या याईपिं एनजिओ व आइएनजिओतय्त टौदहय् दुतकायेत बिचाः यायेमालेफु धकाः धयादिल । लिसें वडाअध्यक्ष महर्जनं न्हापा न्हापा टौदहय् चान्हय् चान्हय् मनूत वया भ्गंःत स्यायेगु व न्यात लानायंकीगु खँ कनादिसें थःपिं जनप्रतिनिधिजुया वयेधुंकः अजाःगु दक्वं ज्या निस्तेज यायेधुनागु गुकिंयाना भ्गंःत वयेगु क्रम मद्यूनिगु खँ कनादिल ।

ज्याभ्न्वलय् प्रकृतिप्रेमि लिसें भ्गंःप्रेमि व विज्ञतय्सं टौदह यैंया वा नेपाः हे छगू महत्वगु थाय् गन साइबेरिया लगायतं तक भ्गंः वयाच्वनीगु जूगुलिं थ्व थाय्यात पर्यटनलिसें स्वाकेमाःगु, धार्मिकरुपं प्रचार यायेबलय् दँय् छन्हुनिन्हुजक जुइगु (नाग पञ्चमिखुन्हु मेला जुइगु) मेगु इलय् छुं नं उल्लेख यायेबहःगु ज्या मजुइगु जूगुलिं धार्मिकस्वयां प्राकृतिक महत्वयात बःबियाः प्रचार प्रसार यायेमाःगु, नेपाल भ्रमण दँया लागि नं छगू महत्वदुगु थुगु टौदहयात भ्गंःतय्त छिंक संरक्षण यायेमाःगु, भ्गंःतय्त च्वने ययेक तयातयेत अन गुगुं नं थासय् तःतःसः जुइक ज्याभ्न्वः वा म्यैं हायेके मज्यूगु खँ तयादीगु खः । लिसें टौदहया नामं गनंनं धेबाः हयाः टौदहलय् छुं नं मयाइपिं दुसा इमित म्हसिका माःगु कारवाहि यायेत नं सुभ्काव ब्यूगु खः। टौदहयात विकास यायेगु खँय् बरु अन वइपिं




पर्यटकतय्के छुंछुं शुल्क कायेमाःगु बिचाः त न्ह्यब्वःगु खः । ज्याभ्न्वलय् न्ववानादिसें कानून शाखाका प्रमुख सुजिन्द्र महर्जनं टौदह संरक्षण यायेत किपू नगरपालिकां कानून नं दयेकाःतयेधुंकूगु तर व आःतक नं लागु याये मफुनिगु धयादिल । टौदहया हे सम्बन्धय् नं थुगु क्षेत्रय् छु छु याये ज्यू व छु छु याये मज्यू धइगु बिस्कं मापदण्ड नं नगरपालिकां दयेकाःतये धुंकूगु जानकारी बियादिसें व नं कार्यान्वयन याये मफुनिगुलिं टौदह संरक्षणय् समस्या खनेदयाच्वंगु धयादिल । टौदहयात ल्यंकाःतयेगु खःसा जःखःच्वंगु थाय्यात याकनं हे अधिग्रहण याना ज्या याये हथाय् जुइ धुंकूगु नं महर्जनं धयादिल ।

ज्याभ्न्वलय् न्ववानादिसें नगरपालिकाया पर्यटन कजि लिसें २ नं. वडाया अध्यक्ष डंगोलं थुगु टौदह थाय्यात भ्गंःत स्वयेगु थाय् (वर्ड वाचिङ्ग सेन्टर) कथं ल्यंकाःतयेमाःगु व उकथं हे विकास यायेमाःगु खँ तयादिल ।

ज्याभ्न्वलय् उपमेयर खड्कां विदेशय् पर्यावरणयात मस्यंकूसे विकास निर्माणया ज्या त याइगु तर भ्नीथाय् विकासया नामय् पहाडय् लँ दयेकी तर अन लँ दयेकीबलय् गुँया बिनास जुइगुलिसें अन गुँई च्वनीपिं जीवजन्तु त न्हनांवनीगु धयादिल । भ्नीथाय् योजना मदयेकूसे न्ह्यांवनीगु प्रवृति खनेदयाच्वंगुलिं राष्ट्रिय योजना आयोग स्थानीय तहलय् नं हयेमाःगु न्ह्यथनादिल । ७० प्रतिशत बिचाः यानां बाँकीगु ३० प्रतिशतं ज्या यायेमाःगु तर भ्नीथाय् पाय्छि अःखःज्या जुयाच्वंगु नं न्हयथनादिल ।

ज्याभ्न्वलय मेयर महर्जनं टौदह थेंजाःगु सम्पदा थःगु नगरपालिकाय् दुगुलिं लयेतायादिसें थुकिया महत्व थुइकाः संरक्षण यायेगु खँ कनादिल । सम्पदाया महत्व मथुलकि युनेस्को थेंजाःगु संस्था हे नेपालय् हयेमज्यू धकाः न्हि न्हि जुलुस याइगु खँ लुमंकादिसें सम्पदा क्षेत्रय् थःयत्थे यायेदइमखु धकाः अथे आन्दोलन हे याःगु धयादिल । थः नगरपालिकाय् वयेधुंकाः टौदहया खँय् धेबाः खर्च यानां नं वातावरण मैत्री कथं मदयेकूगुलिं भवन विभागय् वनां ब्वःबिया वयागु न्ह्यथनादिल । लिपा विभागं अन छु छु यायेमाःगु खः व यानाबी धका धाःगु नं न्यंकादिल । मेयर महर्जनं भ्नीत पुर्खांब्यूगु विरासत भ्नीसं भ्नीगु पुस्तायात बी मफुसा भ्नीत धिक्कार याइगु खँय् सचेत जुइमाःगु धयादिसें टौदहयात संरक्षण यायेगु जरुरी दुगु खँ कनादिल ।

मेयर महर्जनं नेपाल भ्रमण दँ २०२० या भ्न्वलय् किपुलिई नं थ्वहे वइगु २०७७ बैशाख १६ निसें २० गते तक कीर्तिपुर महोत्सव यायेत्यनागु जानकारी बियादिसें उगु महोत्सवय् बर्ड कन्जरभेटिक नेपाल (बिसिएन) या हे ग्वहालिइ बर्ड वाचिङ्ग ज्याभ्न्वः नं यायेगु खँ तयादिल । गुकिंयाना छन्हुसां प्राकृतिक पर्यटकत टौदह वयाः अबलोकन याइगु विश्वास प्वंकादिल ।

भाषा व लिपिथें टौदह नं लोप जुइगु क्रमय् दुगुलिं थ्वयात याकनं हे संरक्षण यायेगु न्ह्यथनादिसें मेयर महर्जनं टौदहय् वइपिं भ्गंःत छकः मवलकि गुबलें नं मवइगु जूगुलिं मानविय आक्रमण मयायेत मयाकेत जनचेतनामूलक ज्याभ्न्वःत नं यायेमाःगु खँय् बःबियादिल । थुगु कीर्तिपुर महोत्सबं स्थानीयतय्त लबः हे दईगु धयादिसें सकलें मिलेजुया थुगु महोत्सब सुथांलाकेत नं इनाप यानादिल । ज्याभ्न्वः किपू नगरपालिकाया सामाजिक विकास शाखाया प्रमुख अनुज प्रधानं न्ह्याकादीगु खः ।

# मुआब्जा मब्यूधकाः मेयर महर्जनयात ज्ञापन पौ लःल्हात



किपू नगर दुने थीथी थासय् मुआब्जा मब्यूसें लँ तःबलाःयाःगु धासें माघ २२ गते, बुधवाः किपू नगर पालिकाया मेयर रमेश महर्जनयात ज्ञापन पौ लःल्हाःगु दु। किपू नगरपालिकाया वडा नं. १, २ व १० वडाया त्यालँबासिपिं, वडा नं. १० या हे शिवालय् मार्गया बासिपिं, वडा नं. ३, ४ व ९ या धःपा, काःरः, दोबुँ, दथुलँ, नगां, छुगां, सोह्नः, हितिफः व मैत्रीनगरयाबासिपिं मंकाःकथं नगर पालिकाय् डेलिगेसन सहित मेयर महर्जनयात बिस्कं बिस्कं हे ज्ञापन पौ लाःल्हाःगु खः ।

ज्ञापन पौ लःल्हानाकयादिसें मेयर महर्जनं स्थानीय मनूतय्गु सल्लाहं हे लँ तःबलाःयानागु धयादिसें यदि अनं सुंयात चित्तबुझेजूसा अनच्वंपिंलिसे हाकनं खँ ल्हायेगु जुइ धकाः धयादिल । पञ्चायत इलय् व आःया इलय् अधिकारया खँय् नं यक्व हे ह्यूपा वयेधुंकूगु न्ह्यथनादिसें मेयर महर्जनं लँया नं अधिकार (राइट अफ वे) दुगु खँ ध्वाथुइका दिल । मेमेथाय् लँ तबलाःयाःथें किपू नगरय् मजूगु धयादिसें मेयर महर्जनं नेवाः बस्ति न्हनांवनी व थनया सम्पदा स्यनीधकाः दक्कले अप्वः थःके च्यूताः दुगु कनादिल । लँ तःबलाःयायेगु नामय् सुयागुं छें मथीगु बरु फुटपाथय् अनाधिकृत रुपं दयेकाःतःगु संरचना दक्वं हे स्यंकाः अन बांलाक फुटपाथ दयेकेगु नं कनादिल । न्हापा न्हापा गारेटो लँ जक दःसा गाःथाय् आः न्ह्यात्थेयानांसां एम्बुलेन्स छगः दुहाँ वनेजीगु लँ दयेमाःगु खँ कनादिसें मेयर महर्जनं बिस्कं बिस्कं थाय्या समस्या छताः हे मजूगसलिं थाय् स्वयां समाधान यायेगु बचं बियादिल ।

किपू नगरपालिकाय् ज्ञापन पौ लःल्हायेत उपत्यका सतक विस्तार संघर्ष समितिया नायः सुमन साय्मि, श्रीकृष्ण महर्जनलिसें आपाःलं मनूत थ्यंगु खःसा किपू नगरपालिकाया उपमयेर सरस्वती खड्का, वरिष्ठ लेखा अधिकृत सानुबाबु परियार, वरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जन आदिपिनिगु ब्वति दुगु खः ।

# ३ नं. वडाय् बाल पोषण व सुनौलो हजार दिन सम्बन्धी अभिमुखिकरण ज्याझ्वः



किपू नगरपालिका वडा नं. ३ या ग्वसालय मातृ तथा बाल्यकालिन सुनौले हजार दिन ज्याझ्वः जूगु दु । सुनौलो हजार दिनया मिसात, महिला स्वास्थ्य स्वंयम्सेविकातयूत पोषणया बारे जानकारी बीगु लिसें प्वाथय् दइबलय् जुइफइगु समस्या व खतराया संकेतया विषयस सशक्त दयेका सर सफाई, पोषण, खोप व परिवार नियोजनय समेत ग्वहालि जुइगु आज्जुं थ्व ज्याझ्वः याःगु खः ।

माघ ११ गते श्रीपञ्चमी मानन्धर गुथिइ जूगु थुगु ज्याझ्वलय मुक्कं ८५ म्हेसिनं ब्वतिकाःगु खः । दक्कले न्हापां म्हसीका कालविल याःनां न्ह्याकूगु ज्याझ्वलय प्वाथय् दुपिं व मचाबुइबलय्या अवस्थाया बारे जानकारी ब्यूगु खः । अथेहे सुनौलो हजार दिनया बारे नं अन्तर क्रियालिसें अडियो व भिडियो क्लिपत न्ह्यब्वःगु खः। ज्याझ्वलय् पूर्ण स्तनपानया बारे ध्वाथुइकादिसें थुकिया महत्त्व व सहि आसनया बारे जानकारी ब्यूगु खः । प्वाथय् दुपिं मां व मचाया खोपया विषयस जानकारी बियादिसें बालविटा, भिटामिन "ए" व वासः बीगु ज्याझ्वःया बारे नं जानकारी ब्यगु खः । परिवार नियोजनया स्थायी व अस्थायी साधनया बारे जानकारीगु ब्यूगु ज्याझ्वलय् पोषण कर्नर नं अवलोकन याकूगु खः । अथेहे व्यक्तिगत व वातावरणीय सरसफाइया बारे नं जानकारी ब्यूगु खःसा साबुं लखं ल्हाःसिलेगु तरिकायात यानाक्यंगु खः । घरेलु विधिं लः शुद्धीकरण यायेगु समेत जानकारी ब्यूगु खःसा स्वयम् सेविकामार्फत नकारात्मक व्यवहारय् परिवर्तन सम्बन्धी नाटक नं न्ह्यब्वयाक्यंगु खः ।

छन्हुन्हिच्छियंकंजूगु ज्याझ्वलय् वडा अध्यक्षं राजेन्द्र महर्जनं नं थःगु खँ तयादीगु खःसा वडाया सचिव काजिराम मालाकारं न्ह्याकादीगु ज्याझ्वः पालिफल स्वास्थ्य चौकिया ग्वहालिइ जूगु खः ।

# किपू नगरपालिकापाखें कीर्तिपुर अस्पतालयात ग्वहालि लःल्हात



किपू नगरपालिकां क्लेफ्ट एण्ड बर्न (म्हतुसी बाःगु व मिं पूपिं) ल्वगितय्या नितिं लोकंह्वाःगु अस्पताल कीर्तिपुर अस्पतालयात स्वंगः मोनिटर ग्वहालि याःगु दु । विशेषयानां मिं पूपिं ल्वगितय्लागि धकाः थ्व मोनिटर ग्वहालि याःगु खः । कीर्तिपुर अस्पतालय् थुथाय् मिंपूपिं ल्वगितय् ल्याः अप्वयावयाच्वंगुलिं व्यवस्थापन यायेत थाकुयावयाच्वंगु धकाः अस्पतालं न्ह्यथंगु दुसा थुगु अवस्थायात याकनं सम्वोधन यायेया नितिं अस्पतालं न्हूगु वार्डया व्यवस्थापन यानाच्वंगु व उकिया लागि मदयेक मगाःगु सामानत ग्वहालिया लागिं किपू नगरपालिकायात इनाप याःकथं थ्व ग्वहालि याःगु खः ।

किपू नगरपालिकाया मेयर रमेश महर्जनं आःया लागि झिगू लख बराबरया सामानत ग्वहालि यायेगु धयादीकथं माघ २१ गते कीर्तिपुर अस्पतालया निमित्त निर्देशक डा. पेरु प्रधानयात थ्व मोनिटर लःल्हाःगु खः ।

# कीर्तिपुर नगरपालिकाको सार्वजनिक सुनुवाईका तस्बिरहरू





















# उपमेयर खड्काद्वारा कृषि सामग्री वितरण




कीर्तिपुर नगरका विभिन्न १८ वटा कृषक समूहलाई कृषि सम्बन्धी विभिन्न सामाग्रीहरू वितरण गरेको छ। माघ २३ गते बिहीबार कीर्तिपुर नगरपालिका वडा नं. ५ स्थित विष्ट गाउँको सामुदायिक भवनमा भएको एक कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले उक्त सामाग्रीहरू वितरण गर्नुभएको हो।

वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र असल छिमेकीको आर्थिक सहयोगमा प्राप्त उक्त सामाग्रीहरुमा सिलपाउलिन प्लाष्टिक १५ बण्डल, पानी तान्ने पम्प ४ वटा, तौल मेशिन २ वटा, हजारी ३० वटा, हरियो नेट ४ बण्डल, बाँस २८० वटा, पाइप १ बण्डल र पावर ट्रिलर ३ वटा रहेका छन्। रु.९ लाख साठ्ठी हजार दुईसय नब्बे रुपैंया बराबरको उक्त सामग्रीहरू वितरण गर्नुहुँदै उपमेयर खड्काले ती सामग्रीहरूको उचित प्रयोग हुने विश्वास व्यक्त गर्नुभयो। कृषकले उत्पादन मात्र गर्ने भन्ठान्छौं तर वास्तवमा कृषकले उत्पादन गर्ने देखि लिएर त्यसको बजारको व्यवस्थापन, लेखा र प्रशासनका कुराहरू सबै नै गर्दै आइरहनुभएकोले साच्चैनै कृषक भनेको महान व्यक्ति भएको बताउनुभयो। कृषि क्षेत्रमा नगरपालिकाले पनि लगानी गरीरहेको बताउनुहुँदै उपमेयर खड्काले गत साल मात्रै फूलखेतिको तालिम दिएकोमा किसानहरूले हराभरा फूल फुलाउनुभएको स्मरण गर्नुभयो। कृषिमा विज्ञको सुझाव लिनु जरुरी भएको उल्लेख गर्नुहुँदै उपमेयर खड्काले कृषि समूहमा काम गर्ने क्रममा उत्पादनसँग जोड्दा नगरपालिकाले विज्ञ राखेर ती विज्ञहरूलाई किसानको समूहसम्म पुऱ्याइदिने र अझ खेतबारीसम्म नै पुऱ्याउन नगरपालिकाले मद्दत गर्ने बताउनुभयो। नगरपालिकाको वार्षिक योजना अनुसार संघसंस्थासँगको सहकार्यमा यस्ता कार्यहरू गरिरहेको बताउनुहुँदै उपमेयर खड्काले कृषकले माग गऱ्यो भने त्यो नगरपालिकाले पूरा गरिदिने समेत प्रतिबद्धता गर्नुभयो।

सम्पूर्ण कृषकको प्रतिनिधित्व गर्नुहुँदै मिरमिरे कृषक समूहका लोका पुलामी मगरले किसानलाई हौसला दिनु पर्ने बताउनुहुँदै किसानले विषादिरहित कृषि उपज उत्पादन गर्नुपर्ने बताउनुभयो। कृषक सञ्जालका अध्यक्ष सिताराम विष्टको सभापतित्वमा भएको कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष राजेन्द्र बानियाँ, वडा नं. ४ कै वडा सचिव अशोक कुमार दाहाल र वडा नं. ५ का सदस्य दिपेन्द्र विष्टको उपस्थिति रहेको थियो।

असल छिमेकी नेपालका कार्यक्रम संयोजक जानकी बोगटीले स्वागत मन्तब्य राख्नु भएको कार्यक्रम असल छिमेकीका टंक ढुंगानाले सञ्चालन गर्नुभएको थियो।

## प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरिएको सूचना !

कीर्तिपुर नगरपालिकाको रिक्त रोजगार संयोजक पदपूर्तिका लागि "**रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६**" को दफा ६ बमोजिमको रोजगार संयोजक पदपूर्ति समितिको मिति २०७६/१०/१९ को निर्णयानुसार रोजगार संयोजक पद मा दरखास्त दिएका उम्मेदवारहरूको सोही मापदण्डको दफा ८ बमोजिमका मापदण्डका आधारमा मूल्याङ्कन गर्दा तपशिलका उम्मेदवारहरू प्रारम्भिक योग्यताक्रमको सूचीमा सुचीकृत गरिएकोले सूचीकृत उम्मेदवारहरूले देहायको मिति, समय र स्थानमा हुने लिखित परीक्षाका लागि परीक्षा समयभन्दा एक घण्टा अगावै उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, सूचीकृत उम्मेदवारहरूले आफ्नो प्रवेशपत्र कार्यालयको प्रशासन शाखाबाट लिखित परीक्षा हुनुभन्दा अगाडि लिनु हुन समेत जानकारी गराईन्छ।

**तपशिल**

| सि.नं. | रो.नं. | नाम | पद | लिखित परीक्षा हुने मिति, समय र स्थान |
|---|---|---|---|---|
| १ | ५ | प्रश्रा महर्जन | रोजगार संयोजक | २०७६ फागुण ८ गते २ बजेदेखि, कीर्तिपुर नगरपालिका नयाँ भवन, नयाँबजार। |
| २ | ३ | नन्दिरा महर्जन | " | |
| ३ | ८ | राम सुन्दर नेपाली | " | |
| ४ | ४ | निर्मला महर्जन | " | |
| ५ | १५ | योगेन्द्र नकर्मी | " | |
| ६ | २ | देवकी आचार्य | " | |
| ७ | १ | रोमी महर्जन | " | |
| ८ | १२ | केदार बुढाथोकी | " | |
| ९ | ६ | एलिजा महर्जन | " | |
| १० | ११ | बुद्ध लक्ष्मी महर्जन | " | |

टंकलाल गैरे
संयोजक, पदपूर्ति समिति

# प्रथम मृदुषा स्मृति बुद्धिचाल प्रतियोगिता सम्पन्न



कीर्तिपुर नगरपालिका वडा नं. ३ स्थित पुष्पसदन आवासिया माध्यमिक विद्यालयलमा सञ्चालन भैरहेको बुद्धिचाल (चेस) प्रतियोगिता सम्पन्न भएको छ। माघ ११ गते देखि शुरु भएको उक्त प्रतियोगिता माघ १८ गते सम्पन्न भएको हो । विद्यालय व्यवस्थापन समितिका सदस्य हरिशरण महर्जनको स्मृतिमा प्रत्येक वर्ष आयोजना भइरहेको यस बुद्धिचाल प्रतियोगिता यसपटक देखि विद्यालयका भू.पु.विद्यार्थी तथा शिक्षिका (संस्थापकद्वय महेश श्रेष्ठ र यसुदा श्रेष्ठकी छोरी) मृदुषा श्रेष्ठको स्मृतिमा पहिलो पटक यस प्रतियोगिता गरेको हो ।

विभिन्न समूहमा भएको यस प्रतियोगितामा सब जुनियर (कक्षा १ देखि ४ सम्म) का छात्रातर्फ भावना कुँवर (वि.एन.एकेडेमी) प्रथम भएका थिए भने कनिश्का न्यौपाने (वि.एन. एकेडेमी) द्वितीय र त्यसैगरी अनिया गोल्छा (युलेन्स एकेडेमी) तृतीय भएका थिए । सब जुनियरमै छात्रतर्फ आलोक चौधरी (वि.एन. एकेडेमी) प्रथम, विवेक तामाङ्ग (वि.एन. एकेडेमी) द्वितीय र अनिल साह (विश्व निकेतन स्कुल) तृतीय भएका थिए ।




जुनियर (कक्षा ५ देखि ७ सम्म)मा छात्रातर्फ सिवानी रिजाल (पुष्पसदन) प्रथम, युनिशा सुवेदी (पुष्पसदन) द्वितीय र रिया श्रेष्ठ (त्रियोग स्कुल) तृतीय भएका थिए भने जुनियर मै छात्रतर्फ प्रवेश लामा (अन्नपूर्ण स्कुल) प्रथम, राजकुमार राई (सेन्ट डेभिस स्कुल) द्वितीय र साइमन बि.क. (वि.एन. एकेडेमी) तृतीय भएका थिए ।

त्यसैगरी सिनियर (कक्षा ८ देखि १० सम्म) का छात्रातर्फ त्रियोग स्कुलका मार्शल तामाङ्ग प्रथम, त्रियोग स्कुलकै उन्नती सिलवाल द्वितीय र अन्नपूर्ण स्कुलकी नेहा दाश बानिया तृतीय भएका थिए । सिनियरमै छात्रतर्फ अन्नपूर्ण स्कुलका दिपेन्द्र गमल प्रथम, त्रियोग स्कुलका कपिल घिमिरे द्वितीय भएका थिए भने त्रियोग स्कुलकै कुशल वेलबासे तृतीय भएका थिए ।

खुलातर्फ पुरुषमा काठमाडौंका युवराज पौडेल प्रथम, काठमाडौंकै सुसान गौतम द्वितीय भएका थिए भने काभ्रेका नवीन कुमार चौधरी तृतीय भएका थिए । त्यसैगरी खुलौ महिलामा गोल्डेन गेटकी अनिशा न्यौपाने प्रथम, त्रियोग स्कुलकी रिया श्रेष्ठ द्वितीय र थापाथली चेस पार्ककी शान्ति धिमाल तृतीय हुन सफल भएका थिए ।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले विजयी खेलाडीहरूलाई बधाईका साथै नगद प्रमाणपत्र र शिल्ड प्रदान गर्नुहुँदै मृत्यु एक नमिठो सत्य भएकोले सबै नै एक दिन मरेर जानु पर्नेनै छ तर बाँचुन्जेल राम्रो काम गरे मात्र मृत्यु पश्चात पनि सबैले सम्झिरहने भएकोले यस पुष्प सदन स्कुलका संस्थापक दम्पती महेश श्रेष्ठ र यसुदा श्रेष्ठले अल्पायुमै गुमाउनु परेकी आफ्नी छोरीको नामबाट यस प्रतियोगिता सञ्चालन गरेर खेलकुदसँग जोड्ने काम गर्नुभएको निकै नै सह्राहनीय भएकोले बताउनु भयो ।

बुद्धिचाल (चेस) खेल शारीरिक रुपमा नभई मस्तिष्कलाई चलायमान बनाउनको लागि ठूलो भूमिका खेल्ने यस खेल स्कूलकालमा आफैंपनि खेलाडीभएको स्मरण गर्नुहुँदै मेयर महर्जनले आफ्नै खर्चमा आफैंले पहिलो पटक कीर्तिपुरमा स्वीसलिग प्रणालीमा प्रतियोगिता गरेको बताउनुभयो । नगरपालिकाले पनि खेलकुद्लाई प्राथमिकतामा राखेर गत वर्षमात्र ५ वटा खेल समाबेश गरेर मेयर खेलकुद् प्रतियोगिता गरेको बताउनुहुँदै आगामी चैत्र महिनामा फेरि मेयर खेलकुद् प्रतियोगिता हुने जानकारी दिनुभयो । कीर्तिपुर नगरपालकाले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका नयाँ नयाँ खेलाडीहरू समेत उत्पादन होस्भनी उद्देश्यका साथ विभिन्न विद्यालयहरूलाई समेत समावेश गरी नगरपालिका र विद्यालयमिलेर खेलाडीहरूलाई प्रशिक्षण समेत दिन लागेको बताउनु भयो ।

कार्यक्रमका सभापति तथा स्कुलका संस्थापक महेश श्रेष्ठले आफ्नी छोरीको नामबाट गरेको यस प्रतियोगीता ३/४ वर्ष सम्म राष्ट्रिय स्तरमा गर्ने र पछि अन्तर्राष्ट्रिय रुपमा विकास गर्ने बताउनु भयो । यसमा बुद्धिचाल (चेस)संघले सहयोग गर्न पनि अनुरोध गर्नुभयो ।

कार्यक्रममा स्कुलका संस्थापक, प्रिन्सिपल तथा स्व.मृदुषाकी आमा यसुदा श्रेष्ठले आफ्नी छोरीको बारेमा बताउनुहुँदै छोरीबाट धेरै कुरा सिकेको बताउनुभयो । साँस्कृतिक कार्यक्रमका बीच भएको समापन कार्यक्रममा नेपाल बुद्धिचाल संघका कोषाध्यक्ष ज्ञानेन्द्र महर्जनले पनि आफ्नो मन्तब्य राख्नु भएको थियो । कार्यक्रममा कीर्तिपुर बुद्धिचाल संघका कुलबहादुर महर्जन, बुद्धिचालका राष्ट्रिय च्याम्पियन तथा टुर्नामेन्ट डाइरेक्टर केशव श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com